बागमती प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा, नेपाल

**विषयः अवधारणा-पत्र पेश गर्ने सम्बन्धी विस्तृत सूचना।**

**प्रथम पटक प्रकाशित मिति: २०७८।१०।२४ (IPF/१/२०७८/७९)**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत सञ्चालित प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम तर्फ **स्थानीय सुशासन, सार्वजनिक सेवा प्रवाह र स्थानीय आर्थिक विकास**का क्षेत्रमा नवप्रवर्तनलाई प्रवर्द्धन गर्ने उद्देश्यले नव-प्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८को अनुसूची-१ बमोजिमको ढाँचामा सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र Google Form (https://bit.ly/IPFPPIUBagmati) मार्फत अवधारणा पत्र पेश गर्न निर्देशिकाको दफा ५ बमोजिम सम्पूर्ण स्थानिय तहहरुलाई जानकारी को लागि यो सूचना प्रकाशन गरिएको छ । साथै विस्तृत जानकारी यस कार्यलयको वेबसाईट https://ocmcm.bagamati.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**अवधारणा पेश गर्ने क्षेत्रहरुः (दफा २५ सँग सम्बन्धित)**

१. नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लिखि संघ, प्रदेश तथा स्थानीय तहका साझा तथा स्थानीय तहका एकल अधिकारमा उल्लिखित विषय क्षेत्रहरु,
२. स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ३ मा उल्लेखिति विषय क्षेत्रहरु
३. नव-प्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिकाको अनुसूची ५ मा समावेश गरिएको विषयहरु

**पेश गर्नुपर्ने कागजातहरु (अनुसूची-२ सँग सम्बन्धित)**

१. नव-प्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिकाको दफा १६(ज) बमोजिमको कार्यान्वयन समिति गठनको निर्णयको प्रतिलिपि
२. प्रस्ताव पेश गर्ने निर्णय सम्बन्धित कार्यपालिकाको बैठकबाट प्रस्ताव पेश गर्ने सम्बन्धमा भएको निर्णय प्रतिलिपि
३. चालु आ.व. को बजेट तथा कार्यक्रमलाई गत आ.ब को असार १० गते भित्र सभामा पेश गरी असार मसान्तभित्र पारित गरिएको गाउ/नगर सभाको निर्णय प्रतिलिपि
४. स्थानीय तह सस्थागत स्वमूल्याङ्कनको अन्तिम नतिजाको प्राप्ताङ्क खुल्ने आधार एवम् स्थानीय तह सस्थागत स्वमूल्याङ्कनको नतिजालाई सार्वजनिक गरेको कार्यपालिकाको निर्णय प्रतिलिपि
५. स्थानीय तह वित्तीय सुशासन मूल्याङ्कनको अन्तिम नतिजाको प्राप्ताङ्क खुल्ने आधार एवम् स्थानीय तह वित्तीय सुशासन मूल्याङ्कनको नतिजालाई सार्वजनिक गरेको कार्यपालिकाको निर्णय प्रतिलिपि
६. दुई वा सो भन्दा बढी स्थानीय तहहरुले संयुक्त रुपमा प्रस्ताव पेश गरेमा साझेदारको लागत सहभागिताको प्रतिबद्धता सहित समझदारी पत्रको दस्तावेज
७. गैर सरकारी सस्था वा सामुदायिक सस्था वा सहकारी सस्था वा निजी क्षेत्रसँग लागत साझेदारीमा प्रस्ताव पेश भएमा लागत सहभागिताको विवरण सहित सम्झौता पत्र एवम् साझेदार सस्था निजी क्षेत्र भएमा उक्त सस्थाको गत आ.व को कर चुक्ता प्रमाण पत्र
८. पछिल्लो दुईवटा आ.व.को अन्तिम लेखा परीक्षणको प्रतिवेदनको प्रतिलिपि ।
९. अवधारणा पेश गरेको पालिकाको पत्र ।
१०. अनुसुची १ बमोजिम भरिएको अवधारणा पत्रको प्रमाणित प्रति ।

नोटः- सम्पर्क व्यक्ति अमृत श्रेष्ठ, अधिकृत सातौं(९८४५२८८३७२) र विपिन कँडेल, IPF Expert(९८४१६१३४३३)